# लोकतान्त्रिक नियन्त्रणका मुख्य चुनौती

दीपकप्रकाश भट्ट

समाजमा संगठित रूपमा सेनाको विकास हुनुभन्दा अगाडि नै जनावर पाल्ने र बसाइँ सर्दै हिंड्ने कबिलाहरूबीच विभिन्न प्रकारका संगठित युद्धहरू सुरु भएको पाइन्छ । व्यवस्थित सेनाको विकास देशको सीमा विस्तार र रक्षाका लागि युद्ध गर्ने संस्थाका रूपमा भयो । सभ्यताहरूको विकासक्रममा शासन गर्ने वर्गविशेषले र त्यसविरूद्ध संघर्ष गर्नेहरूले इतिहासका विभिन्न कालखण्डमा सेनाको विकासमा निकै ध्यान दिएको पाइन्छ (ग्याट सन् २००१) ।

नेपालमा मध्यकालमा सामन्ती सैन्य संरचनाको विकास स्थानीय र विकेन्द्रित गतिविधिहरू गर्ने सेनानायकहरूले गर्थे, जसलाई उमराव तथा क्वाठनायक भनिन्थ्यो । यसरी निर्माण गरिने सेनाको प्रकृति अस्थायी हुने गर्थ्यो, तर वीरता प्रदर्शन गर्ने अनुभवीहरूको एउटा सामान्य संरचना विभिन्न स्थानमा स्थायी प्रकृतिको पनि रहेको पाइन्छ । जब लडाइँ समाप्त हुन्थ्यो, जम्मा गरिएका सैनिकहरू सेनानायकको विगठनको आदेशसँगै सामान्य दिनचर्यामा फर्किन्थे । त्यसताकाका युद्धहरू साधारण हात-हतियारले लडिन्थ्यो र लडाइँमा दुस्मन र तिनका नाइकेहरू एकअर्का अगाडि प्रत्यक्ष उपस्थित हुने गर्थे (शर्मा, वैद्य र मानन्धर २०४९ : २४) ।

मोरिस जानोविचको भनाइमा सैन्य संगठन एक विशिष्ट सामाजिक संरचना र प्रणाली हो । यसले प्रत्येक देशको विविधतासहित सामाजिक, राजनीतिक र सांस्कृतिक रूपलाई समेट्ने गर्छ किनभने सैन्य संरचनाले देशका परम्परागत र ऐतिहासिक विकासक्रम र त्यसका प्रभावलाई राष्ट्रिय अंगको रूपमा आफूमा समेटेको हुन्छ । सैन्य संगठनलाई दिशानिर्देश गर्ने वेलामा कस्तो शिक्षा, इतिहास, विचारधारा र सामाजिक एकताका विषयबाट प्रशिक्षित गरियो भन्ने कुरा निकै महत्त्वपूर्ण हुने गर्छ (जानोविच सन् १९७१) । यसै जगका आधारमा राजनीतिज्ञहरूले रक्षा नीति, सैन्य नीति, भर्ना, पदोन्नति, अवकाश र संगठन परिचालनका अन्य नीति बनाउनु पर्छ ।

सेनालाई राज्यको बाह्य र आन्तरिक सुरक्षा निम्ति बनाइएको प्रत्यक्ष राजनीतिभन्दा पृथक रहने संस्थाका रूपमा पनि चित्रित गरिन्छ । युद्ध वा सुरक्षा जुनसुकै क्षेत्रमा संलग्न भए पनि यसको उद्देश्य जित मात्रै हुने गर्छ । त्यसकारण हिंसा र हतियारको व्यवस्थापन यसको वैधानिक र सामाजिक उद्देश्य बन्न जान्छ । तर आधुनिक कालमा आएर सेनाको दायित्व सम्बन्धित देशको आन्तरिक र बाह्य सुरक्षाका साथै त्यहाँका नागरिकहरूको शान्तिपूर्ण सामाजिक दिनचर्याको सुनिश्चितता गर्नु पहिलो कर्तव्य बन्न पुगेको छ । दोस्रो कर्तव्य भनेको विद्यमान शासन प्रणालीलाई बचाउनु हुन्छ । र, तेस्रो कर्तव्य जनताद्वारा स्थापित शासन प्रणालीको पक्ष या विपक्षमा नलागेर महत्त्वपूर्ण र क्षमतावान् संस्थाका रूपमा उपस्थित रहने र कुनै पनि पक्ष वा विपक्षमा नउक्सिने र नझुक्ने हो ।

सेनामा केन्द्रीकृत कमाण्डको स्तरबाट गरिने निर्णय तल्लो तह र दर्जाका निम्ति पालन गर्नैपर्ने अनुशासनको विषय बन्न जान्छ । त्यहाँ व्यक्तिलाई उसका मानवीय पक्षहरूबाट अलग पारेर त्यस संस्था र पदप्रति आस्थावान् बन्न सिकाइन्छ । आफूभन्दा माथिकाको आदेश मान्नैपर्ने हुन्छ, नमान्दा सजाय वा दण्ड भोग्नुपर्ने हुन्छ । त्यसकारण त्यहाँ व्यक्तिको यान्त्रीकरण गरिन्छ भन्न सकिन्छ । पूरै सेनाको संरचनालाई मसिन मान्ने हो भने सिपाही त्यसको एउटा इकाइ वा संख्यात्मक रूपमा गणना गर्न मिल्ने कलपुर्जा बन्न जान्छ । त्यसैले होला सैन्य संरचनाभित्रको एकता यान्त्रिक किसिमको हुने गर्छ । इमाइल दुर्खाइम भन्छन्, "सैन्य संरचना कुनै विशेष काम गर्न बनेको विविधतासहितको प्रणाली हो, जुन निश्चित प्रकारको सम्बन्धले बाँधिएको हुन्छ ।" यसलाई उनी 'यान्त्रिक ऐक्यबद्धता' भन्न रूचाउँछन् (दुर्खाइम सन् १९९७[१८९३]) ।

राष्ट्रिय रक्षा नीति र सैन्य नीति बनाउनमा सेनाको भूमिका जननिर्वाचित प्रतिनिधिहरूले ल्याएको प्रस्तावमा आवश्यक सुझाव दिने हुन्छ । लोकतन्त्रमा

युद्ध र शान्तिदेखि सुरक्षा क्षेत्रमा देखापर्ने नयाँ-नयाँ प्रविधि र चुनौतीसँग सामना गर्न तथा जनतालाई सुरक्षा दिन सेनाले नेतृत्व गर्ने होइन, जननिर्वाचित नेतृत्वले गरेको निर्णय लागु गर्न ऊ तत्पर रहनु पर्छ । यसलाई व्यवस्थित गर्न रक्षा मन्त्रालयको भूमिका महत्त्वपूर्ण हुन्छ । तर हामीकहाँ आकारमा सानो मात्रै होइन, विगतमा यो मन्त्रालयलाई कहिल्यै स्वतन्त्र रूपमा कार्य गर्नसक्ने अवस्थामा पुऱ्याइएन । प्रधानमन्त्रीले आफैंसँग रक्षामन्त्रीको पद राख्ने र राजदरबारको सैनिक सचिवालय र दरबारसँग सम्बन्ध राम्रो भएकाहरूको मिलोमतोमा रक्षा मामिलासम्बन्धी निर्णयहरू गर्ने परम्परा रह्यो । २०६३ सालको राजनीतिक परिवर्तनपछि यो परम्परा र कार्यशैली परिवर्तन भएको छ । छुट्टै रक्षामन्त्री नियुक्त गर्न थालिएको छ, जसलाई नागरिक सरकार र सेनाको सम्बन्धमा भएको एक चरणको उपलब्धि मान्नु पर्छ ।

## नेपाली सेनाको विकासक्रम

गोर्खाका राजा पृथ्वीनारायण शाहले ठूलो भूगोलको महाराजा बन्ने इच्छाबाट प्रेरित भएर नेपाल एकीकरण अभियान थालेका थिए । उनले बेलायतीहरूबाट स्थायी सेनाको प्रकृति र शक्ति बुझेर स्थायी सेना निर्माण गरे । पहिलोचोटि सन् १७६२–७३ मा कालीबक्स, श्रीनाथ, कालीबहादुर, सबुज र पुरानो गोरख नामले पाँचओटा स्थायी पल्टन खडा गरे, जसको निरन्तरता नै वर्तमान नेपाली सेना हो (शर्मा, वैद्य र मानन्धर २०४९) । पृथ्वीनारायणले थालेको एकीकरण अभियान क्रममा नेपालको सीमा पूर्वमा सिक्किम र पश्चिममा गढवालसम्म विस्तार भयो । त्यस वेला नेपाली-गोर्खाली सेनाको युद्धकौशल र वीरता देखेर बेलायतीहरू लोभिएर आफ्नो सेनामा भर्ती सुरु गरेका थिए, जुन हालसम्म जारी छ ।

भौगोलिक एकीकरण भए पनि वास्तवमा नेपालीहरूको भावनात्मक एकीकरण भएको रहेनछ भन्ने ज्वलन्त उदाहरण २०६३ सालपछि थालिएको राज्य पुनःसंरचना क्रममा देखियो । भौगोलिक रूपमा भएको एकीकरणलाई समाजमा विद्यमान विविधताको पहिचानसहित राष्ट्रियताको भावनाले एकीकृत गर्ने काम र सबै जात-जाति, दलित, महिला, जनजाति आदिले समान अवसर पाउने अवस्था केन्द्रीकृत सामन्ती राज्यसत्ताभित्र सम्भव थिएन । त्यसैले राणा र शाहकालमा सेनाका निपुण व्यक्तिहरू शासनाधिकार प्राप्त गर्ने होडमा संलग्न हुन थाले ।

मध्यकालका स्थानीय सेनानायकहरू – उमराव वा क्वाठनायक – ले स्थानीय स्तरमा जम्मा गर्ने लडाकुलाई 'झारा' वा 'विष्टी' का रूपबाट सेनाको स्थायी र विकसित रूपमा ढाल्दै लैजाँदा आफूलाई राजपूत-ठकुरी भन्न थाले ।

दरबार र राणाहरूसँगको बिहेबारी चल्ने वा चलाइएका जातहरूले सेनामा आधिपत्य जमाउदै गए, जुन नेपाली सामन्तवादको विशेषतामध्ये एउटा थियो । लडाकु जातिका रूपमा प्रख्यात जनजातिहरू गुरूङ, मगर, राई, लिम्बू आदि सिपाही र मध्यम स्तरका अधिकारी घोषित गरिँदै गए । त्यसबापत जागिर प्रथा चल्यो र सरदार बन्ने अवसर पाउनेबित्तिकै विभिन्न ठाउँमा खेतीयोग्य जग्गा वा कर उठाउने छुट पनि केन्द्रका राणा शासकहरूले दिए । यसरी राणा शासनकालमा सेनामा जागिर पाउनु आम मानिसका निम्ति र राणा, शाहहरूसित नाता-सम्बन्ध गाँसिनु स्थानीय सामन्त र ठालुहरू निम्ति गौरव र सानको विषय बन्न पुग्यो ।

बेरोजगारीका कारण पनि सेनाको जागिरप्रति एक प्रकारको आकर्षण बढ्यो, जुन स्वाभाविक थियो । यसको अर्को कारण प्रथम र द्वितीय विश्वयुद्ध भए । यी दुवै विश्वयुद्धमा एक लाखजति नेपालीहरू विश्वका विभिन्न मोर्चामा लडेर ब्रिटिस साम्राज्यलाई सहयोग पुऱ्याउन बाध्य भए । त्यस वेला सेनामा कर्नेल, जर्नेल र मेजर जर्नेलजस्ता पदहरू केवल राणाहरूलाई मात्र दिइन्थ्यो । जन्मिनेबित्तिकै उनीहरूले जर्नेलको पद र तलब-भत्तासमेत पाउँथे (गेज सन् १९७५) । २००७ सालको क्रान्तिसम्म नेपाली सेनामा राणा परिवारका बाहेक कोही जर्नेल हुन पाउँदैनथे । कर्णेल पदमा पनि दुई-चार गैर-राणा मात्र थिए, जो राणाहरूलाई रिझाएर त्यहाँसम्म पुग्न पाएका थिए । व्यक्तिगत स्वार्थका लागि यसरी सेनाको प्रयोग गर्नाले नेपाली पल्टन भ्रष्ट भएर गयो (कोइराला सन् २००५) ।

सैन्य पेसामा अर्को महत्त्वपूर्ण पक्ष सेनाको उद्देश्य, नैतिकता र सदाचारलाई मानिन्छ । त्यसको मूलमा बहादुरी वा शौर्य र देशप्रेम रहेको हुन्छ । तर एक्काइसौं शताब्दीसम्म आइपुग्दा पनि नेपाली सेनाको मूलमन्त्र 'रक्षा, सम्मान, कल्याण, आफ्नो देश-नरेशको, सर्वप्रथम सदा जान धर्मकर्म सिपाहीको' भन्ने रहेको थियो । मुलुकको सार्वभौमिकता, अखण्डता र जनताको सुरक्षाभन्दा माथि केही नहुने सेनालाई जब 'नरेश' भन्ने शब्दलाई बराबरीमा वा त्यसभन्दा पनि माथि राखेर प्रशिक्षण गर्न थालियो, त्यहींबाट नेपाली सेनाको छवि र जिम्मेवारी आमजनताबाट अलग्गिन पुग्यो । भनिन्छ, सेनाको जवानका लागि घर-परिवार, आफन्त, साथी-भाइ र छिमेकी कोही हुँदैन, त्यहाँ हुन्छ त केवल राष्ट्रको सीमा र त्यसको सुरक्षा, अनि जनताको जीउधनको रक्षा । तर पछिल्लो समय राष्ट्रको सीमा रक्षाको काम अर्थात् सीमा युद्धको सम्भावना कम रहेको नेपालमा नरेशको रक्षा र त्यसको हितलाई नै सर्वोपरि हित ठानियो । राजतन्त्र र सेनालाई अनोन्याश्रितजस्तो बनाइयो ।

वि.सं. १८७२ को सुगौली सन्धिपछि नेपाली सेनाको विजययात्रा टुंगियो । त्यसपछि तिब्बतको लडाइँ मात्र नेपाली सेनाले लड्यो, जुन निर्णायक जित-हारमा पुग्न सकेन । त्यसपछिका दिनमा आफूभन्दा शक्तिशाली छिमेकीका अगाडि रक्षात्मक अवस्थामा रहन बाध्य भयो । युद्धको तयारीको काम नभएको सेनाले के गर्ने भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो । पेसाअनुकूल काम नपाएपछि सेना एक प्रकारको उद्देश्यहीन जत्थामा परिणत हुन समय लाग्दैन । राणा शासकहरूले हुकुमी तजबिजमा शासन चलाउन थाले, जसको एउटा प्रमुख अंग बनेर सेना क्रियाशील भयो ।

बीसौं शताब्दीमा विकसित परिभाषाअनुसार आधुनिक राष्ट्र-राज्यका चारओटा अवयव प्रमुख मानिन्छन् : सीमा, जनता, सार्वभौमसत्ता र स्वतन्त्र सरकार । यीमध्ये सीमा र सार्वभौमसत्ता जोगाउने काममा सेनाको भूमिका महत्त्वपूर्ण मानिन्छ । यो काम युद्ध र शान्ति दुवै कालमा उत्तिकै महत्त्वपूर्ण हुन्छ । युद्धको सम्भावना कम भएका देशमा सेनाको भूमिका जिम्मेवारीपूर्ण दबाब, आक्रामक छवि कायम राख्ने, वार्ताहरूमा दबाब पुऱ्याउने, राष्ट्रिय शानको प्रतीक बन्ने, नेतृत्वको रक्षाकवच बन्ने तथा विकासका काममा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने, आदि हुने गर्छ ।

नेपाल अहिले राष्ट्र-राज्य बन्ने अवस्थामा छ । यस क्रममा नेपाली समाजको विविधता र बहुलतालाई सम्बोधन गरिनु आवश्यक छ । सबै जाति, जनजाति, धर्म, भाषा, पिछडिएका क्षेत्र र लिंगको समावेशीकरण गर्दै यो साँचो अर्थमा राष्ट्र-राज्य बन्ने हो । यसको सार्वभौमसत्ता, स्वतन्त्रता र अखण्डता बचाई राख्न नेपाली सेनाको महत्त्वपूर्ण भूमिका हुन्छ । यसका लागि सैनिक संगठन बदलिँदो समयको मागलाई सम्बोधन गर्नसक्ने हुनुपर्छ । साथै यो लोकतान्त्रिक विधिबाट निर्वाचित सरकारको निर्देशनमा चल्ने, विधिको सर्वोच्चताको पालना गर्ने, मानवअधिकारको रक्षा गर्ने, राजनीतिक तटस्थता बोकेको व्यावसायिक सेना बन्नुपर्छ ।

सेना सम्बन्धमा चर्चा गर्दा नागरिक सरकारको सर्वोच्चताको विषय महत्त्वपूर्ण पाटो मानिन्छ । समाज र राजनीतिमा सेनाको भूमिकाबारे नागरिक सर्वोच्चता अथवा नागरिक नियन्त्रण महत्त्वपूर्ण हुने बताउँछन् स्यामुअल हन्टिङ्टन । उनी थप्छन्- जब सेनामा व्यावसायिकताको विकास हुँदै जान्छ, त्यति नै वेला सेनाले आफूलाई राज्यका सेवकभन्दा माथि ठान्ने र सत्तामा भएको सरकारभन्दा आफैलाई बढी शक्तिशाली देख्ने रोग पनि सेनामा लाग्न सक्छ । त्यसैले उनी दुई प्रकारका नागरिक नियन्त्रणका कुरा गर्छन् । पहिलो, विषयगत नागरिक नियन्त्रण

र अर्को वस्तुगत नागरिक नियन्त्रण । विषयगत नागरिक नियन्त्रणको प्रमुख कुरा सरकारको अन्तर्संरचनागत व्यवस्थापन तथा संवैधानिक प्रावधानहरू बलियो बनाएर मात्रै सम्भव हुन्छ । सेनालाई व्यवसायीकरणको उच्च तहमा पुऱ्याउने वा राजनीतिक अभीष्ट सोझ्याउन सेनामा नियन्त्रण जमाउने- यी दुई कुराको अन्तरसम्बन्ध छुट्ट्याउन आवश्यक छ (हन्टिङ्टन सन् १९५७) ।

नेपाललाई आवश्यक मोडेल चाहिं वस्तुगत नागरिक नियन्त्रणको हो । यसमा पनि सरकार लोकतान्त्रिक छ वा अधिनायकवादी भन्ने कुराले फरक पार्छ । खास गरी हिंसाको सबभन्दा शक्तिशाली हतियार अर्थात् सेना लोकतान्त्रिकभन्दा पनि अधिनायकवादी वा तानाशाहहरूको शासनमा बढी शक्तिशाली हुने गर्छ । अर्कोतर्फ, वस्तुगत नागरिक नियन्त्रणको कुरा गर्दा यो सेनालाई अधिकतम् व्यावसायिक बनाउने कुरा हो । अर्थात् यो नागरिक, सेना र राजनीतिक शक्तिबीच पृथकीकरणको प्रयास हो (क्लेरी सन् २००६) । यसमा सेनाका अधिकृत तहका व्यक्तिहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । यसको मूल मर्म भनेको सैन्य व्यावसायिकतामा विकासका लागि स्वतन्त्रता दिने भन्ने हो ।

तर यी दुवैथरीका नागरिक नियन्त्रणका सन्दर्भमा जुलियन लाइडरको भनाइ चाहिं फरक छ । उनका अनुसार नागरिक नियन्त्रणका विभिन्न रूप हुनसक्छन् । यस विपरीत वस्तुगत ढंगले नागरिक नियन्त्रणमा रहेको सेनाको राजनीतिमा आउन सक्ने सम्भावना बढी हुन्छ किनभने यस अवस्थामा सेनाले आफ्नो संगठनात्मक, संवैधानिक र वर्गीय संलग्नताको आधार बढी पाउँछ । त्यसकारण जुनसुकै मोडेल अपनाउँदा पनि सेनाका वैधानिक, संरचनागत तथा अन्य अधिकारहरूको न्यूनीकरण गर्ने र अधिकतम व्यवसायीकरणमा बढी ध्यान दिइनुपर्छ । यसले मात्रै सेनालाई राजनीतिक रूपमा सन्तुलित र विकारमुक्त बनाउन मद्दत गर्छ (लाइडर सन् १९८२) । अनि सेनाको वास्तविक ऊर्जालाई बचाएर राख्छ ।

## राणा-शाह कालमा सरकार-सेना सम्बन्ध

यो चरणको केही व्याख्या माथि भइसकेको छ । त्यो नेपाली सेनाको विकासको प्रारम्भिक चरण थियो । वि.सं. १९०३ को 'कोतपर्व' ले नेपाली राजनीति र सेनामा एकैचोटि व्यापक परिवर्तन ल्याइदियो । राणा जर्नेलहरू भविष्य निर्धारकका रूपमा स्थापित गरिए । तिनले बोलेका कुरा सबै पुग्नुपर्ने भएकाले तिनलाई 'बोल्ने भगवान्' जसरी स्थापित गरियो, जसले छत्तीस जातको फूलबारी भन्ने

पृथ्वीनारायण शाहको वचनको खिल्ली उडाएर सेना र मुलुकलाई एउटा परिवारको दासतामा सीमित गरिदियो (बस्न्यात सन् २००४) ।

जंगबहादुर राणा प्रधानमन्त्री बन्नका लागि गराइएको कोतपर्वले सत्ता प्राप्तिको बाटो सेनाको सहयोग, हतियार र षड्यन्त्र मात्रै हो भन्ने नजिर स्थापना गऱ्यो, जुन अहिलेसम्म कायम छ । सम्पूर्ण सेना मूलतः चारजना जर्नेलको नियन्त्रणमा रहने अवस्था २००७ सालसम्म थियो । ती चारै जर्नेल सत्तारूढ राणा परिवारका हुने वा उनीहरूप्रति पूर्ण रूपमा बफादार र उत्तरदायी व्यक्ति मात्रै हुन्थे । सम्पूर्ण रूपमा ती राणा प्रधानमन्त्रीप्रति बफादार रहन्थे । यही क्रममा नेपाली सेनालाई राणाहरूको पारिवारिक सशस्त्र जत्थाका रूपमा विकसित गर्ने काम भयो । हतियारको उपयोग र त्यसमाथिको नियन्त्रण, तल्लो तहमा अनुशासित पदाधिकारी र सिपाही अनि राणाहरूको नेतृत्वले समाजमा विद्यमान सबै संस्थाहरूभन्दा विशिष्ट संगठनका रूपमा काम गर्ने छुट नेपाली सेनाले पाइरह्यो ।

सेनाको तत्कालीन विकासबारे बीपी कोइराला भन्छन्- पृथ्वीनारायण शाहको एकीकरण अभियानको वेला र त्यसपछि पनि केही प्रभावशाली, साहसी र उचित सैनिक नेतृत्व प्रदान गर्नसक्ने व्यक्तिहरू थिए । तीमध्ये भीमसेन थापाले त बहुचर्चित सुधारको अभियान चलाए, जसअन्तर्गत सेनामा पश्चिमा शैलीमा विभिन्न पदहरू सिर्जना गरेर तिनको नाम अंग्रेजी शब्दावलीबाट राख्न लगाए, जस्तै कमाण्डर-इन-चीफ आदि । तिनले ब्यारेक प्रणालीको पनि सुरुआत गरे । बलभद्र कुँवर, दामोदर पाण्डे, अमरसिंह थापा, भक्ति थापा र अभिमानसिंह बस्न्यातजस्ता राज्यभक्ति र राष्ट्रियताको भावना भएका व्यक्ति दरबारिया षड्यन्त्र र सत्ताप्रतिको चालमा परेर कुनै सुधारका काम नगरी मरे वा मारिए (कोइराला सन् २००५) ।

एकीकरण अभियानपछि नेपाली सेनालाई आफ्नो ऐतिहासिक सामाजिक लक्ष्यको बोध हुन छाड्यो, जसले यसलाई स्थायित्वको परम्परा, राष्ट्रियताको भावना, एकता, सम्बद्धता र व्यक्तित्व प्रदान गर्नसक्थ्यो । पृथ्वीनारायण शाहका उत्तराधिकारीहरू धेरैजसो अत्यन्त साधारण खालका व्यक्ति थिए, जसबाट यो आशा राख्न सकिँदैन थियो कि तिनले सेनालाई राष्ट्रिय उद्देश्यका निम्ति प्रेरणा दिन सकून् । उल्टो, तिनले सेनालाई दरबारी जीवनको निरन्तरको षड्यन्त्रको अखडा बनाएका थिए । सेनाको जर्नेली खान्गीलाई सत्ताको भऱ्याङ भन्ठान्न थालिएको थियो । नेपाली सेनाले अमरसिंह थापा, माथवरसिंह थापा, रणजंग पाण्डे र अरू केही यस्तै असाधारण व्यक्तित्व त जन्मायो, तर तिनीहरूले

चाहेअनुसार सेनाको मर्यादा र स्तरलाई माथि उठाउने अवसर पाएनन् (कोइराला सन् २००५) ।

सेनाका लागि साहस, कौशल र नेतृत्व प्रदर्शन गर्ने थलो युद्ध हो । यो जिम्मेवारीबाट वञ्चित सेनामा माथिल्ला तहमा पुग्ने व्यक्ति षड्यन्त्रको होडबाजीमा लाग्नुबाहेक अरू कुरा सोच्ने चलन नै रहेन । युद्धक्षेत्रमा खटिएका वेलामा विकास हुने क्षमताहरू अवरूद्ध भएकाले नेपाली सेनामा थप युद्धकौशल विकास हुन पाएन । सेनालाई हतियार बनाएर अवैध ढंगले शक्ति हत्याउने खेलमा कोतपर्व, भण्डारखाल पर्व र अलौपर्वजस्ता अमानवीय र घृणित कार्यहरूका शृंखलाहरू चले । सेनाले राष्ट्रियता र वास्तविक भावनात्मक एकीकरणको जस्तो जिम्मेवारी पाउनुपर्थ्यो, त्यो पाएन । शासकहरूले पनि विभिन्न जाति, भाषा, क्षेत्रका जनताबीच भावनात्मक एकताको बीउ रोप्ने महत्त्वपूर्ण काम अगाडि बढाएनन् । यो चरण राणाकालभरि अविछिन्न चलिरह्यो । राणा शासनकाल सेनाको भरमा चलेको शोषण-दमनको खुला मैदानका रूपमा रह्यो ।

## प्रजातान्त्रिक काल (वि.सं. २००७–२०१७)

राणाकालमा सेनालाई राणाहरूको पारिवारिक संस्थाका रूपमा विकास गर्ने प्रयास भयो, त्यसले आम जनमानसमा त्रासको वातावरण सिर्जना गरेको थियो । राणाकालको समाप्तिसँगै २००८ सालमा शाह राजा त्रिभुवनले सेनाको 'सुप्रिम कमाण्ड' आफ्नो हातमा लिए । उनले आफन्त र विश्वासपात्रहरूलाई माथिल्ला पदहरूमा ल्याए र सेनाको उच्चपदस्थ अधिकारीहरूसँग सम्बन्ध राम्रो बनाए । राजा र सेनाबीचको सम्बन्ध कुलीन वर्गको सम्बन्ध थियो, जुन सम्मान आम जनताका छोराले पाउने सम्भावना थिएन ।

२००७ सालपछि मातृकाप्रसाद कोइराला प्रधानमन्त्री भएको वेला सेनाको एउटा कार्यक्रममा गएका थिए । तर सेनाका जर्नेलहरूले उनलाई टेरपुच्छर लगाएनन् जबकि उनी चाहिं जर्नेलहरू टाउको निहुर्‍याएर उनको निर्देशन पालना गरून् भन्ने ठान्थे । त्यसपछि उनले त्रिभुवनसँग चारतारे जर्नेलको पदवी आफूलाई दिनुपर्‍यो भनेर अनुरोध गरे । राणाहरूले उपभोग गर्दै आएको मान-सम्मान सेनाको कमाण्डर-इन-चीफ भए मात्रै सेनाले आफूलाई दिने कोइरालाको भनाइ थियो । तर त्रिभुवनले त्यस पदको महत्त्व बुझेका थिए । त्यसकारण उनले मातृकालाई मानार्थ चार तारे जर्नेलको पदवी मात्र दिए । त्यही चार तारे जर्नेलको फौजी पोसाक लगाएर प्रधानमन्त्री कोइराला खरिको बोटको रोयल

पभेलियनमा गए तर त्यसपछि पनि सेनाले उनलाई सम्मान दिएन । अनि आफ्नो प्रधानमन्त्रीत्व कालमा उनले कहिल्यै त्यो बर्दी लगाएनन् (बस्न्यात सन् २००४) ।

एकीकरण र कोतपर्वपछि स्थापित राजनीतिक र शासकीय अधिकार बन्दुकबाट मात्रै प्राप्त हुने मान्यता बुझेर राणाकालमा बिजुली गारत नामको पल्टनलाई एउटा विशिष्ट श्रेणीको टुकडी बनाएर राखिएको थियो । त्रिभुवनले त्यो परम्परालाई कायम राखे । यो पल्टनलाई आधुनिक हतियारले सुसज्जित पार्ने, विशेष तालिममा पठाउने र सबै क्षेत्रमा अधिक सुविधा दिएर राख्ने काम गरे । २००९ सालमा त्रिभुवनले सर्वोच्च कमाण्डरको पद ग्रहण र सिंहदरबारको बिजुली गारतलाई नारायणहिटीमा सार्ने क्रमसँगै सशस्त्र निकायहरूको बफादारी राजतन्त्रतर्फ फर्किन पुगेको थियो ।

२०१६ सालमा पहिलोपटक ल्याइएको सैनिक ऐनसँगै सेना र राजतन्त्रको सम्बन्ध बलियो भयो । साथै २०२६ सालको प्रधानसेनापतिको अधिकार र कर्तव्यसम्बन्धी ऐनले सेनाप्रमुखलाई सरकारभन्दा राजाप्रति उत्तरदायी बनायो । लेफ्टिनेण्ट कर्णेलभन्दा माथिको पदोन्नतिका लागि राजाको वा राजाका विश्वासपात्रहरूको निगाह चाहिने मान्यता स्थापित गरियो । राजतन्त्र रहँदासम्म यो परम्परा कायम रह्यो । माथिल्ला तहका पदलाई शाह, राणा र थापा परिवारमा सीमित गराइयो । त्यो वर्गका सन्तान मात्रै विदेश गएर शिक्षा आर्जन गर्न सक्थे । तिनीहरू स्वाभाविक रूपले उच्चपदस्थ हुन पुग्थे । र, तिनीहरूले राष्ट्रिय हितभन्दा पनि आफ्ना नाता-कुटुम्बको हित सर्वोपरि ठान्थे । विदेशमा गएर पढेको कुरा देशका हितमा नभएर, सेनालाई आधुनिक र व्यावसायिक बनाउने नभएर, नीति निर्माणमा आफ्नो व्यक्तिगत वा पारिवारिक प्रभाव बढाउने काममा मात्रै लागे । यसले सेनाको नेतृत्वमा रहेको सामन्ती चिन्तनलाई बलियो बनाउने काम गऱ्यो ।

## पञ्चायतकाल (वि.सं. २०१७–२०४६)

राष्ट्रियतालाई कमजोर पारेको, परराष्ट्र नीतिमा भारत र चीनसित समदूरी भन्दै निर्भरता बढाएको र प्रजातन्त्रको खुलापन नेपाली जनताको चेतनाले थाम्न नसक्ने समेतका आरोप लगाउँदै तत्कालीन राजा महेन्द्रले सेनाको साथ लिएर २०१७ सालमा 'कू' गरे । दुई तिहाइ जनताले मत दिई बनाएको सरकारको कार्यकाल दुई वर्ष नपुग्दै गरेको उक्त 'कू' मा सेनाले जति सहयोग अरूले नगरेको देखिन्छ । अरू कोणहरूबाट घटनाको व्याख्या भए-गरिए पनि त्यो 'कू' मा सेनाको भूमिका के रह्यो भन्नेबारेमा थोरै मात्र पढ्न पाइन्छ ।

महेन्द्रको 'कू' पछि राजा, सैनिक उच्च नेतृत्व र धनी-सामन्त वर्गका पढ्ने लेख्ने अवसर पाएकाहरूबीचको गठबन्धनले नै ३० वर्षको राजनीतिलाई डोऱ्याउने काम गऱ्यो (विष्ट सन् १९९१) । त्यसकारण उनले सेनाका बढी महत्त्वकांक्षी अधिकारीहरूलाई कि आफूप्रति बफादार बनाए कि हटाइदिए । आफैं रुचि देखाएर माथिल्लो पदमा बढुवा र सरुवा गरे । सेनाको सुविधातर्फ पनि ध्यान दिए । केही सैन्य अधिकारीलाई सेनाबाट सामान्य प्रशासनमा ल्याइयो भने सेनाका भूतपूर्व अधिकारीहरूलाई रक्षा र गृह मन्त्रालयका महत्त्वपूर्ण जिम्मेवारी दिने काम गरियो ।

सेनाले नेताहरूलाई गिरफ्तार गर्ने र प्रजातन्त्र मास्ने काममा साथ दिएको कारण र उसको साथको आवश्यकताले यो गठबन्धन थप बलियो हुँदै गयो । महेन्द्रले २०२१ सालमा नेपाली सेनाको नामकरण 'शाही नेपाली सेना' गरे र त्यसपछि यसको प्रमुख सम्पर्क माध्यम राजदरबारस्थित प्रमुख सैनिक सचिवालय रहन गयो । नेपाली सेनाको भूमिका र शौर्यबारे थप व्याख्या गर्ने काम भयो । आफैंले विशेष रुचि राखेर सेनाका अधिकृतहरूको तालिम र कल्याणका साथै दरबारिया अवसरहरू उपलब्ध गराउने र जग्गाका विशेष अवसर अर्थात् विर्ता बाँडने काम पनि महेन्द्रले गरे । यसका साथै विभिन्न राजनीतिक र कूटनीतिक नियुक्तिहरूमा सेनाका जर्नेलहरूलाई अवसर दिइयो । यस क्रममा सेना र राजाबीच व्यक्तिगत सम्बन्ध विकास हुँदै गयो । र, तत्कालीन शाही नेपाली सेनाले राजालाई राज्यको पर्यायको रूपमा स्थापित गर्दै गयो, जसको परिणामस्वरूप जनता र राज्यप्रति सेनाको प्रतिबद्धता र राजाप्रतिको प्रतिबद्धताबीच अन्तर समाप्त पार्ने काम भयो (शाह सन् १९७५) ।

यसरी हेर्दा त्यो समयमा सेनाका तीनओटा काम प्रमुख थिए । पहिलो, देशको सीमा, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्ने । दोस्रो, आवश्यकताअनुसार आन्तरिक सुरक्षाको लागि तयार रहने; खास गरी प्रतिबन्धित दलहरूको राजनीतिक विद्रोह त्यतिवेलाका चुनौती थिए । र अन्तिम, राजतन्त्रको जग बलियो बनाउने र सुरक्षा दिने । यस प्रक्रियासँगै राजालाई व्यक्तिभन्दा माथि उठाएर अवतारको रूपमा स्थापित गर्ने काम गरियो । एक धर्म, एक जाति, एउटै भाषा र भेष-भूषाको राज्य बनाउने काम गरियो । सिंगो राष्ट्रलाई हिन्दूकरणको प्रक्रियामा लगियो । मनुस्मृति र धर्मशास्त्रहरूका व्याख्यालाई सचेत ढंगले प्रचारप्रसार गर्ने काम भयो । समाजमा जाति, वर्ण र धर्मका आधारमा विभेदहरू कायम राख्दै त्यसलाई निरन्तरता दिइयो ।

शासकको सेवामा जनताको आवाजलाई दबाउने काममा सेनाको प्रमुख भूमिका रहन थाल्यो । पृथ्वीनारायण शाहले अगाडि सारेको 'असल हिन्दुस्तान' को नारा – जसलाई जंगबहादुरले मुलुकी ऐनमार्फत सामाजिक र राजनीतिक रूपमा अगाडि बढाएका थिए – लाई मूलमन्त्रका रूपमा स्थापित गर्ने काम भयो । दलित र 'तल्लो जात' का अन्य व्यक्तिहरूका लागि सामाजिक, सांस्कृतिक र राजनीतिक भेदभावका कारण राज्यका कुनै पनि अंगमा पुग्नु सम्भव भएन । यही सोच र चेतनाको प्रत्यक्ष प्रभाव सेनामा देखियो ।

२०१७ सालमा तत्कालीन राजा महेन्द्रले सेनाको आडभरोसामा 'कू' गरेको तीन वर्षपछि भारत सरकारसँग अनुरोध गरेर उनले केही सैनिक अधिकारीलाई भारत पठाएर सेनाको आधुनिकीकरण र पुनःसंगठन गरेका थिए (शर्मा, वैद्य र मानन्धर २०४९) । त्यही वेला भूमिगत रहेको नेपाली काँग्रेसले ताप्लेजुङ, झापा, विराटनगर, जनकपुर, ओखलढुंगा, रामेछाप, पाल्पा, सुर्खेत, सल्यान, दैलेख, दाङ, कैलालीलगायतका जिल्लामा छापामार शैलीमा सशस्त्र संघर्ष थालेको थियो । त्यसको दमन गर्न शाही नेपाली सेना परिचालन गरिएको थियो ।

देशका विभिन्न भागमा विद्रोही र सेनाबीच संघर्षहरू चले । आठदेखि १० हजारको हाराहारीमा रहेको सेना 'हान र भाग' का रणनीतिमा परिचालित काँग्रेसको सशस्त्र सघंर्षलाई दमन गर्न सफल भयो । यद्यपि तत्कालीन सेना छापामार युद्धविरूद्ध लड्न प्रशिक्षित थिएन । अराष्ट्रिय तत्त्व घोषित गरिएकाहरूविरूद्ध सेना र पुलिस संयुक्त रूपमा लडेका थिए । त्यसपछिका दिनमा सेनाको संख्या बढाएर १७ हजार पुऱ्याइएको थियो । भारत सरकारले नेपाली सेनाका चारओटा ब्रिगेडलाई चाहिने आवश्यक सामग्री उपलब्ध गराउन थालेको थियो । विशेषतः पुराना हतियारको रखरखाव र केही नयाँ थपिदिने काम भारतले गरेको थियो (मुनी सन् १९९२) ।

त्यस वेला सेनाको सम्बन्ध तत्कालीन राष्ट्रिय पञ्चायत, मन्त्रिपरिषद् वा प्रधानमन्त्रीसँग नभई सोझै दरबारमा रहेको सैनिक सचिवालय र त्यसमार्फत राजासँग हुन्थ्यो । तत्कालीन राजाहरू त्रिभुवन र खास गरी महेन्द्रले सैन्य शक्तिका आधारमा र राष्ट्रवादका नाममा सत्तामा टिकाए । २००८ सालको अन्तरिम सरकार ऐनदेखि २०४७ सालको संविधानसम्म चारओटा संविधानमा राजाले नै सेनाको सर्वोच्च कमाण्डरको अधिकार आफूमा निहित राखे । पञ्चायतकालभरि विद्वेष राखेर दमन गरेको भए तापनि लोकतन्त्रको दोस्रो लहर २०६२-६३ पछि बनाइएको संविधानमा पनि राजनीतिक दलहरूले राजा र

सेनाको सम्बन्धमा कुनै परिवर्तन गरेनन् । दरबारमा अवस्थित सेनाको संरचनाले आफ्नो भूमिका खेलिरह्यो ।

## २०४६ सालपछिको प्रजातान्त्रिक काल

२०४६ सालको जनआन्दोलनको सफलतापछि नयाँ संविधान बनाउने वेलामा शाही नेपाली सेनाले महत्त्वपूर्ण भूमिका खेल्न खोजेको थियो । सेनाका जर्नेलहरूले संविधान सुझाव आयोगका अध्यक्ष र प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई निरन्तर दबाब दिएका थिए । संविधान सुझाव आयोगले २०४७ भदौ २५ का दिन प्रधानमन्त्रीलाई मस्यौदा सुम्पेको थियो । कात्तिक ६ गते दरबारमा तयार पारिएको छुट्टै संविधानको मस्यौदा बाहिर ल्याइयो । त्यसलाई प्रधानमन्त्रीसँग छलफल गरेर मात्रै बाहिर ल्याइएको भन्ने विज्ञप्ति पनि दरबारबाट आएको थियो (हाछेथु सन् १९९५) । स्वाभाविक रूपमा दरबारपरस्त जर्नेलहरूको प्रमुख भूमिकामा यी कामहरू भएका थिए ।

सेनाले २०४७ सालमा संविधान सुझाव आयोगलाई 'सेना र प्रहरी दुवै संस्था राजाको प्रत्यक्ष निर्देशनमा मातहतमा रहनुपर्ने र चल्नुपर्ने' सुझाव दिएको थियो । सेनाको नाम शाही नेपाली सेनाबाट परिवर्तन गरेर नेपाली सेना राख्नुपर्ने सुझावको विरोध पनि सेनाले त्यति वेला गरेको थियो (पन्त सन् १९९५) । सेना मुख्यालयका तर्फबाट तलका इकाइहरूमा जारी गरिएको परिपत्रमा राजालाई सेनाको परमाधिपति राख्नुपर्ने र नेपाल हिन्दू राष्ट्र रहनुपर्ने विचार प्रवाह गरी सुझाव माग गरिएको थियो । शाही नेपाली सेनाले परम्परागत रूपमा शिव र कालीको निरन्तर पूजा गर्ने र प्रत्येक ब्यारेकमा हिन्दू देवी-देवताको मात्रै पूजा गरिने भएकाले नेपाल हिन्दू राष्ट्र रहिरहनु पर्ने तर्क अगाडि सारिएको थियो ।

सेनाका जर्नेलहरूले संविधान सुझाव आयोगका अध्यक्ष र प्रधानमन्त्रीलाई भेटेर उक्त सुझावहरू दिएका थिए । एउटा भाषा, एउटा भेष, एउटा धर्म र एउटा परिवारको राष्ट्रप्रमुख भन्ने विशेषतालाई देशव्यापी रूपमा यो वेला स्थापित गरियो । एकतिर यही 'स्कुलिङ' बाट सैनिक नेतृत्व प्रशिक्षित भइरह्यो भने अर्कातिर सेना, यसको परिचालन र राष्ट्रिय सुरक्षाजस्ता गम्भीर विषय जननिर्वाचित नेतृत्व, बौद्धिक समुदाय, पत्रकार, नागरिक समाज र आम जनताको चासोको विषय नै बनेन । यो राजा, दरबार, दरबारिया र सेनाको 'डोमेन' मा मात्रै सीमित रहन पुग्यो ।

सैनिक ऐन, २०१६ ले नेपाली सेनालाई राजाको सेनाका रूपमा परिभाषित गरेको थियो । सेनालाई 'चलाउनु हुँदैन' अर्थात् यो निकै शक्तिशाली र राजापरस्त

भएकाले यसमा कुनै किसिमको हस्तक्षेप गर्न सकिन्छ भन्ने सोच त्यस वेलाका नेताहरूमा देखिएन । पछिल्लो प्रजातान्त्रिक कालभरि सेना पनि यही सोच, मनोबल र व्यवहारबाट अगाडि बढ्यो । सेनालाई सरकारमातहतको अंग हो भन्ने व्यवहार गर्ने र व्यवहारमा त्यो आभास गराउने, सैनिक ऐन संशोधन गर्ने, सेनालाई प्रजातान्त्रिक मूल्य-मान्यताप्रति प्रतिबद्ध गराउने र समग्रमा त्यसको लोकतान्त्रीकरण गर्ने कुरामा राजनीतिक नेतृत्वको ध्यान गएन ।

बाहिरबाट हेर्दा सेना प्रमुखको भूमिका आलंकारिक खालको मात्रै देखिन्थ्यो किनभने यसले लामो समयसम्म कुनै युद्ध वा सीमा सुरक्षाको लागि खट्नु परेन । सेनाले देशको परराष्ट्र नीतिमा पनि प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने अवस्था थिएन । तत्कालीन शाही नेपाली सेनाको संयुक्त राष्ट्र संघअन्तर्गत शान्ति सेनामा सहभागिता बढदै जाँदा प्रत्येक जवान र अधिकृतले पाउने तलब भत्ताको निश्चित प्रतिशत कटौती गरी खडा गरिएको सैनिक कल्याणकारी कोषमा जम्मा भैसकेको छ । उक्त कोषको सञ्चालन सुरूदेखि नै पारदर्शी छैन । यसबारे राजनीतिक नेतृत्वले कहिल्यै चासो देखाएन । देशभित्र जुत्ता र कपडा उद्योग बन्द भएपछि आवश्यक भौतिक संसाधनहरूको किनमेलमा हुने आर्थिक लाभ पनि सेनाभित्र आकर्षणको विषय थियो । जीवनभरि सामान्य तलब खाएर अवकाश पाएका जर्नेलहरूको सानसौकतपूर्ण र आभिजात्य शैलीको रहनसहनले यस कुरालाई पुष्टि गर्छ (मेहता सन् २००५) ।

राज्यका विभिन्न अंगहरूमा भूमिका निर्वाह गर्न पाएका कतिपय क्षेत्र र तहका खास गरी बाहुन-क्षेत्री र केही अन्य जात र क्षेत्रका व्यक्तिहरू नै पछिल्लो समयमा राज्य सञ्चालनको प्रमुख हर्ताकर्ता बने । दरबार र दरबारिया घरानाहरूसित बिहेबारी, उद्योग व्यवसाय गर्ने र उठबसको सम्बन्ध विस्तार गर्ने एउटा वर्गको विस्तार पञ्चायतकालमा देशभरि नै भइसकेको थियो । यही वर्ग प्रजातन्त्र पुनःस्थापनापश्चात् समयमा आफैं राजनीतिक दल खोलेर वा स्थापित दलमा प्रवेश गरेर सामाजिक सम्बन्ध स्थापित गर्न पुग्यो । परिवर्तनका लागि संघर्ष गर्दै आएको वर्गको प्रभावलाई भुत्ते बनाउन यो समूह निरन्तर क्रियाशील रह्यो, अनि सफल पनि भयो ।

२०४६ सालपछि सेनालाई नागरिक सरकारको नियन्त्रणमा ल्याउन कुनै पहल गरिएको तथ्य फेला पर्दैन । संविधानमा व्यवस्था गरिएको राष्ट्रिय सुरक्षा परिषद्को गठन नै लगभग दस वर्षसम्म भएन ।

माओवादी विद्रोह चर्किएपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले सेना परिचालन गर्ने अनुरोध गर्दा सेनाको सल्लाहमा राजाले नमानेपछि कोइरालाले प्रधानमन्त्री पदबाट राजीनामा दिनुपर्‍यो । यसपछिको समयमा मात्रै राष्ट्रिय सुरक्षा

परिषद्को गठन गर्ने काम भयो । तर त्यसको नियमित बैठक कहिल्यै बसेन । यो पूरै समयमा तीन पटकसम्म छुट्टै रक्षामन्त्री नियुक्त गरिए, जसबाट कुनै प्रभावकारी काम भएन । यसरी हेर्दा २०४७ सालको संविधान जननिर्वाचित प्रतिनिधिहरूको सरकारलाई सेना परिचालनको क्षेत्रमा अधिकार दिनबाट चुकेको देखिन्छ ।

## माओवादी युद्धकाल

प्रजातन्त्र पुनःस्थापनाको पाँच वर्ष नबित्दै २०५२ सालमा नेकपा माओवादीले संसदीय व्यवस्था र राजतन्त्रविरूद्ध विद्रोह गर्दै जनगणतन्त्र स्थापना गर्न 'जनयुद्ध' सुरु गऱ्यो । प्रजातन्त्रको जग बलियो भइनसकेको, राज्य संरचना र संयन्त्रहरू कमजोर रहेको, आर्थिक-सामाजिक रूपले पछाडि पारिएका समुदाय र क्षेत्रका जनतालाई सम्बोधन गर्ने नीति-कार्यक्रमको अभाव रहेको अवस्थामा हिंसाको प्रभाव बढ्दै गयो । राजतन्त्र र त्यसका पृष्ठपोषकहरूका लागि पनि बहुदलीय संसदीय व्यवस्था बाधक र अपाच्य थियो । यी दुवै शक्तिबीच विभिन्न वेलाका घोषित-अघोषित एकताले प्रजातन्त्र र त्यसका संरचना निकै कमजोर हुनु स्वभाविकै थियो ।

यस कालखण्डमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको गठन र माओवादीविरूद्ध परिचालनको अवस्थासम्म सैनिक वृत्तमा माओवादी विद्रोहलाई सजिलै ठेगान लगाउने उपाय भएजस्तो चर्चाहरू हुन्थे । तर फैलिँदै गएको विद्रोहको विविध पक्षको आयाम बुझ्न सैनिक नेतृत्वका लागि सजिलो थिएन र भएन पनि । २०४७ सालको संविधानले सेनाको परिचालन, राष्ट्रिय सुरक्षा परिषद्को संरचना र काम आदिबारे गरेको व्याख्या अपुरो थियो भन्ने कुराको पुष्टि पछि मात्रै भयो । त्यसको धारा ११८ ले नागरिक सरकारलाई राष्ट्रिय सुरक्षा परिषद्मार्फत सर्वोच्चताको अधिकार दिएको थियो तर सेनाको परिचालनको अन्तिम अधिकारचाहिँ राजालाई दिएको थियो, परमाधिपति बनाएर । उक्त व्यवस्थाको दरबार वा राजाबाट र सरकार प्रमुखबाट आफूअनुकूल व्याख्या हुने गरे ।

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०५८ असारमा होलेरी घटनाको समयमा सेना परिचालनका लागि गरेको प्रयास सेनाको सहयोगमा राजा ज्ञानेन्द्रले व्यर्थ तुल्याइदिए । त्यो घटनाले राष्ट्रिय सुरक्षा परिषद्लाई असान्दर्भिक बनाइदियो । ज्ञानेन्द्र शाहले प्रधानमन्त्री शेरबहादुर देउवालाई २०५९ असोज १८ का दिन सरकारबाट आफू खुसी हटाए । अर्को पटक २०६१ माघ १९ गते सरकारबाट बर्खास्त गरेर सम्पूर्ण कार्यकारी अधिकार आफ्नो हातमा लिए । यी

दुवै घटनामा सेनाको आड भरोसा थियो । सेना त्यस वेला प्रजातान्त्रिक शक्तिभन्दा पनि राजतन्त्रका पछाडि थियो भन्ने यसले पनि देखाउँछ।

त्यसबीचमा 'युनिफाइड कमाण्ड' नामको संरचना बनाएर माओवादी विद्रोहीलाई ठेगान लगाउने योजना सरकारले बनायो । यसअन्तर्गत सरकारका सबै संरचना र गतिविधिहरू राजनीतिक, प्रशासनिक, आर्थिक, सूचना र कूटनीतिक सम्बन्ध विस्तार र नियमन, नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन आदिलाई सोही कमाण्डले निर्देशित गर्न थाल्यो । माओवादी विद्रोह समाधानका लागि ल्याइएको 'सिभिल-मिलिटरी नेसनल क्याम्पेन प्लान' अन्तर्गत यो संयन्त्र परिचालित गरियो । विभिन्न गाउँहरू जस्तै इलामको चुलाचुली र सर्लाहीको सुदामा गाउँमा 'भिलेज डिफेन्स फोर्स' गठन गरेर आम जनतालाई हतियार बाँडने काम सेनाले गर्‍यो (रोका सन् २००३) । त्यो घटनाले विद्रोह गर्नु जनताको अधिकार हो भन्दै माओवादीले सुरु गरेको आम नागरिकको सैनिकीकरणको चक्रलाई पूरा गर्‍यो र नेपाली समाज सैनिकीकरणको नफुक्ने गाँठोमा जेलिँदै गयो । देशमा विभिन्न रूपमा विभिन्न सोच र मागसहित देखापरेका सशस्त्र समूहहरूको उपस्थितिलाई यसैको उपज मान्न सकिन्छ ।

## लोकतान्त्रिक गणतन्त्रकाल

नेपाल केन्द्रीकृत हिन्दू राजतन्त्रबाट धर्मनिरपेक्ष संघीय गणतान्त्रिक व्यवस्थामा प्रवेश गरिसकेको छ । यसका साथै राजतन्त्रको जन्मसँगै आफ्नो जन्म र यसको विकाससँगै आफ्नो विकासको जरो खोज्ने नेपाली सेना इतिहासको महत्त्वपूर्ण कालखण्डबाट अगाडि बढिरहेको छ । यो संक्रमणकाल आफैमा कम जोखिमपूर्ण छैन किनभने आफ्नो इतिहासलाई नेपालको एकीकरणसँगै जोडने नेपाली सेना शाहवंशीय राजतन्त्रको अस्तित्वलाई राष्ट्रसँगै जोडने परम्पराबाट हुर्किएको हो ।

सदा राजा र राजतन्त्रलाई जोगाउनु नै नेपाली सेनाको परम कर्तव्य हो, आमनागरिक केही होइनन्, तिनको शक्ति वा निर्णयले केही हुँदैन भन्ने मानसिकता लिई सैनिक नेतृत्व त्यसकै गुणगान र रक्षामा कटिबद्ध रहने अवस्था दशकौंसम्म थियो । २०६२-६३ सालको १९ दिनको जनआन्दोलन र माओवादी विद्रोहको संयुक्त योगफलले नेपालमा गणतन्त्र स्थापना हुनपुग्यो । त्यसलाई शिरोधार्य गर्नु र त्यसअनुरूप परिवर्तित परिस्थितिलाई स्वीकारेर अगाडि बढ्नु नेपाली सेनाका लागि अपरिहार्य नै थियो । अब आम जनतालाई उसले संविधानसभाको निर्वाचनमार्फत दिएको निर्देशनलाई कसरी सम्बोधन गर्छ त्यसको

जाँच भइरहेको छ । यसैको मापनले एक अर्थमा नागरिक सरकार र सेनाबीचको सम्बन्ध पनि जाँचिनेछ ।

दोस्रो जनआन्दोलनबाट पुनःस्थापित संसदले २०६३ जेठ ४ गते राजाको अधिकार कटौती गर्दै राजा राष्ट्रप्रमुख नरहेको अर्थात् निलम्बित गरेको, राजा सेनाको परमाधिपति नरहेको, शाही नेपाली सेनाको नाम परिवर्तन गरी नेपाली सेना राखेको र नेपाली सेनाको लोकतान्त्रीकरणको प्रक्रिया अगाडि बढाउने व्यवस्था गरेको थियो । त्यसपछि औपचारिक रूपमा राजा, राजतन्त्र र सेनाको सम्बन्धविच्छेद हुन पुग्यो । यो घोषणा सरकार र सेनाको सम्बन्धको दृष्टिकोणबाट नेपालको इतिहासको महत्त्वपूर्ण घटना हो ।

२०६३ सालमा संशोधित सैनिक ऐनले थप व्यवस्थाहरू गऱ्यो । सैनिक अदालतको जिम्मेवारीलाई परिवर्तित सन्दर्भमा व्याख्या गर्ने, कल्याणकारी कोषलाई पारदर्शी बनाउने तथा त्यसको लेखापरीक्षण गराई सार्वजनिक गर्ने, वार्षिक प्रतिवेदन संसद् र त्यसअन्तर्गतको राज्य व्यवस्था समितिलाई उपलब्ध गराउने, आयमूलक कार्यको दायरा तोक्ने, प्रधानसेनापतिको काम, कर्तव्य र अधिकारको व्याख्या गर्ने, सिपाहीप्रति अधिकृतहरूको बोली र व्यवहार सम्मानजनक हुनपर्ने लगायतका प्रावधान राखेर सेनालाई थोरै भए पनि व्यावसायिकतातर्फ डोऱ्याउन निर्देशित गरेको देखिन्छ ।

संविधानसभा निर्वाचनबाट सबैभन्दा ठूलो पार्टी बनेको विगतको विद्रोही नेकपा (माओवादी) – जसले सेनालाई राजतन्त्रको प्रमुख रक्षाकवचको रूपमा व्याख्या गर्थ्यो – उसको नेतृत्वमा सरकार निर्माण भएपछिको कालखण्डमा थुप्रै विवाद सिर्जना भए । सेनाले नयाँ भर्ना गर्न खोज्ने, सरकारले त्यसलाई रोक्न खोज्ने, सेनाले पदावधि सकिएका आठ सहायकरथीलाई थमौती गर्न खोज्ने, सरकारले अवकाश दिन चाहने र माओवादीले आफ्ना लडाकुहरूको स्पोर्ट्स क्लबलाई राष्ट्रिय खेलकुद महोत्सवमा सहभागी गराउन चाहने तर सेनाले नचाहने भएकाले यी दुईबीचको सम्बन्धमा सुधार हुन सकेन ।

उपर्युक्त तीन विषयमा निर्देशन उल्लंघन गरेको भन्दै सरकारले प्रधानसेनापति रूक्मांगद कटवाललाई स्पष्टीकरण सोध्यो । जवाफमा उनले सबै निर्णय सैनिक ऐन र अन्तरिम संविधानअन्तर्गत रहेर गरेको बताए । सरकार र सेनाको सम्बन्ध नेपालको इतिहासमा पहिलोपटक यो स्तरको कटुतामा पुग्यो कि प्रधानमन्त्री पुष्पकमल दाहालले सेनापति कटवाललाई सरकारमा रहेका अन्य सहयोगी दलहरू नेकपा (एमाले), मधेसी जनअधिकार फोरम, सद्भावना पार्टी र नेकपा संयुक्तको सहमतिविना नै बर्खास्त गर्ने निर्णय गरे । नेपाली सेनाका परमाधिपति समेत रहेका राष्ट्रपतिले प्रधान सेनापतिलाई आफ्नो पदमा बसिरहन र कामलाई निरन्तरता दिन पत्राचार गरे । भोलिपल्ट

प्रधानमन्त्री दाहालले त्यसलाई असंवैधानिक कदमको संज्ञा दिई पदबाट राजीनामा दिए र माओवादी नेतृत्वको सरकार ढल्न पुग्यो ।

लोकतन्त्रमा सेना र सरकारको सम्बन्ध यो तहमा पुग्ने सामान्यतया कल्पना पनि गरिँदैन । सरकारले सेनापति कटवाललाई बर्खास्त गरेर दोस्रो वरियतामा रहेका रथी कुलबहादुर खड्कालाई कार्यवाहक प्रधानसेनापतिको जिम्मेवारीमा बहाल गरेको पत्र दिएको थियो । यसले सैनिक मुख्यालयमा अन्योलको स्थिति जन्मायो । त्यहाँ दुवै जनाले आफूलाई प्रधानसेनापति दाबी गरिरहे । मुख्यालयको प्रिन्सिपल स्टाफ अफिसर्स (पीएसओज्) को निर्णायक बहुमतले कटवाललाई समर्थन दियो भने राष्ट्रपतिले पनि त्यस्तै लिखित निर्देशन दिए । त्यसले सैनिक मुख्यालयको सम्भावित दुर्घटना त रोक्यो, तर राजनीतिक वृत्तमा भने व्यापक तरंग सिर्जना गर्‍यो । सिंगो सैनिक नेतृत्व यस घटनाको पक्ष र विपक्षमा उभिएको र रथी खड्काले माओवादी नेतृत्वलाई सघाउने गरी सैनिक 'कू' गर्ने तयारी गरेको खबरहरूले राजनीतिक वृत्त, अन्तर्राष्ट्रिय जगत् र आम जनसमुदायमा एकखालको भयको वातावरण बनाइरह्यो । सेनापति कटवाल र रथी खड्का सेवानिवृत भएर नयाँ प्रधानसेनापतिको जिम्मेवारी छत्रमानसिंह गुरूङले सम्हालेपछि पनि तरंग शान्त भएको देखिएन ।

यस घटनाक्रममा विभिन्न पक्ष देखापरे : राष्ट्रपति सेनाको परमाधिपति रहेकाले सेनापतिलाई हटाउने वा नियुक्त गर्ने अधिकार उनीसँग छ; राष्ट्रपतिले सुझाव मात्रै दिन सक्छन् जुन बाध्यकारी हुँदैन; राष्ट्रपति कार्यकारी होइनन् त्यसकारण उनले यसो गर्न सक्दैनन्; अन्तरिम संविधानमा उल्लिखित सहमतिका आधारमा सरकार चलाउने कुरालाई ख्याल नगरी निर्णय गरियो आदि । संक्रमणकालको अवस्था, संविधानमा स्पष्ट व्याख्याको अभाव, लोकतन्त्रको व्यवस्थापन नभएकाले नागरिक सरकारको नियन्त्रणको कुरा आदि विवादित बन्न पुगे । राजनीतिक दल, सरकार प्रमुख र राष्ट्र प्रमुखबाट समेत आफूअनुकूलका व्याख्या गर्ने काम भए । त्यही प्रकरणमा राष्ट्रपतिको कदमलाई असंवैधानिक भन्दै सरकारबाट राजीनामा दिएर प्रधानमन्त्री पुष्पकमल दाहाल सडक संघर्षमा गए । राष्ट्रपतिको उक्त कदमबारे संविधानसभामा छलफल चलाउने माग गर्दै माओवादीले सदन अवरूद्ध गरे ।

नागरिक सरकार र सेनाबीचको सम्बन्धजस्तो संवेदनशील विषयमा विवाद रहिरहनु उपयुक्त हुँदैन । तर माओवादीले भनेको नागरिक सर्वोच्चता हन्टिङ्टनको भाषामा वस्तुगत नभएर विषयगत देखापर्छ । त्यसमा आफ्नो पार्टीको नियन्त्रणलाई मात्रै नागरिक सर्वोच्चताका रूपमा हेरिएको देखिन्छ ।

जनताबाट निर्वाचित सरकारले सेनाका सम्बन्धमा गरेको निर्णय लागु गर्न अर्थात् नागरिक सर्वोच्चता वा सेनाको लोकतान्त्रिक नियन्त्रणलाई प्रभावी बनाउन सेनालगायत अन्य सुरक्षा निकायहरूमा पेसागत दक्षता र त्यसका वैधानिक एवं कानुनी व्यवस्था आवश्यक हुन्छ । पश्चिमा समाज र राष्ट्रहरूमा राज्य सञ्चालनका मामिलामा सेना तटस्थ रहने पद्धति र व्यवस्थाको विकास लामो समय लगाएर गम्भीरताका साथ गरिएको छ । तर हामीकहाँ आम नागरिकको स्तरमा बहस कति छ ? यो स्पष्ट देख्न सकिन्छ । राजनीतिक दलहरू पनि सुरक्षा क्षेत्रको एउटा अंग सेनाबारे मात्रै बहस गरिरहेका छन् । नेपाल प्रहरी, सशस्त्र प्रहरी, गुप्तचर विभागलगायतका सुरक्षा संयन्त्रमा चरम राजनीतीकरण गर्ने काममा आफैं उद्यत भएका दलहरू एक हदसम्म सेना पनि त्यसरी नै परिचालन गर्न पाए हुन्थ्यो भन्ने मानसिकतामा देखिनु अनौठो होइन ।

## निष्कर्ष

सेना अनुशासनमा बाँधिएको, आधुनिक ढंगबाट प्रशिक्षित र राष्ट्रलाई जस्तोसुकै संकटबाट बचाउन तयार संस्था हो । त्यसकारण यो राजनीतिक दलहरूको राज्य सञ्चालनको दैनन्दिन कामबाट टाढा रहेर परिचालन भइरहनु पर्छ । त्यस्तै राज्यको जिम्मेवार तहमा रहेका मन्त्री र राजनीतिक दलका नेताहरूले आवश्यक विषयमा उच्च सैनिक पदाधिकारीहरूसँग निरन्तर परामर्श गरिरहनु आवश्यक ठानिन्छ । आफूलाई लागेको विषयमा सैनिक नेतृत्वले सल्लाह दिइरहनु पनि उति नै आवश्यक मानिन्छ । सेनाको संगठन कस्तो रहने, संख्या कति रहने, हतियार कस्तो रहने, बजेट थपघट कति गर्ने र कुन स्तरको तालिम दिन उपयुक्त हुन्छ, यस्ता सबै निर्णय जननिर्वाचित सरकारले गर्नुपर्छ । यही नै सही अर्थमा 'सिभिलियन ओभरसाइट' को पद्धति हो । यसलाई थप व्यवस्थित गर्न राष्ट्रिय सुरक्षा परिषद् आवश्यक पर्छ । सुरक्षा र रक्षा मामिलामा अध्ययन-विश्लेषण गर्ने विज्ञ तथा यही क्षेत्रमा काम गरेका व्यक्तिहरूलाई समेटेर निर्माण गरिने सल्लाहकारहरूको समिति पनि महत्त्वपूर्ण हुने गर्छ ।

नागरिक सरकार र सेनाको सम्बन्धलाई व्यवस्थित गर्न राजनीतिज्ञहरू पनि त्यस विषयको जानकार, सेनाको कार्यप्रणालीबारे सचेत र विषयको संवेदनशीलता बुझ्ने स्तरको हुनुपर्छ । यसले सम्बन्धलाई थप सहज बनाउँछ । यसको महत्त्वपूर्ण पाटोमध्ये एउटा चाहिं सैन्य अधिकारीहरूको व्यावसायिकतामा आधारित व्यवहार र कार्यशैलीलाई मानिन्छ । वस्तुगत ढंगको नागरिक नियन्त्रणको

अवस्थामा स्वतन्त्र ढंगले यसको विकास हुने अवसर प्राप्त हुन्छ । यसले सेनालाई संविधानको दायरामा रहेर काम गर्न सिकाउँछ । सेनालाई सही ढंगले परिचालन गर्न समयसापेक्ष राष्ट्रिय सुरक्षा नीति हुनुपर्छ । यसको राजनीतिक दलहरूको स्तरमा, कार्यपालिकाको स्तरमा, व्यवस्थापिकाको स्तरमा र सुरक्षा निकायहरूको स्तरमा छुट्टाछुट्टै छलफल हुनु आवश्यक हुन्छ । यसलाई आम जनताको स्तरमा पनि छलफल गरेर जननिर्वाचित सभाले पास गरेको हुनुपर्छ ।

लोकतन्त्रमा सेनाको लोकतान्त्रीकरण मुख्य मुद्दा हुन्छ । विगतमा देखिएका विवादहरू संविधान र ऐनको तहमा छन् भने त्यसअनुरूप परिमार्जन गरेर समयमै यसको आवश्यक व्याख्या गर्नुपर्छ । विवादहरू राजनीतिक प्रकृतिका छन् भने त्यसलाई संविधानमा व्याख्या गरेर स्पष्टताका साथ अगाडि बढाउनु पर्छ । जनताको मत लिएको सरकारको लोकतान्त्रिक निगरानी लोकतन्त्रमा अनिवार्य छ । तर सेनालाई सत्तामा रहने वा पुग्ने भऱ्याङ बनाइयो भने त्यो कुनै पनि दृष्टिकोणले टिकाउ हुँदैन, बरु दुर्घटना निम्त्याउँछ । टिकाउ भए, त्यहाँ लोकतन्त्र रहन सक्दैन । संविधानमा प्रभावकारी र व्यावसायिक नागरिक सरकार र सेनाको सम्बन्धको स्पष्ट प्रावधानले मात्रै आम नागरिकको सरकार र नागरिकको पक्षमा सेनालाई उत्तरदायी बनाउन सक्छ । अन्यथा अतिवाद वा तानाशाहीका दुइटा किनारा मात्रै हाम्रा अगाडि देखापर्ने छन् ।